# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०५।२७ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये घुस/रिसवत र सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।०५।२७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु नविन शर्मा, शिव शंकर पोखेल, भुवान सिंह ठकुरी, नन्द सिंह ठकुरी, टिका वली को मु.नं (०७६-CR-००३६), फैसला मिति २०८०।०१।२७ | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | प्रतिवादीहरु नवीन शर्मा, शिवशंकर पोखरेललाई भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८ को उपदफा (१)को देहाय खण्ड (ग) र (ङ) तथा ऐ.ऐ. को दफा १९ को उपदफा (२)को कसुरमा विगो रु.४,५६,४३१।३५ ऐ.ऐ.को दफा ८(१) बमोजिम असुल उपर गरी दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन एवं प्रतिवादीहरु भुवानसिंह ठकुरी, टिका वली र नन्दसिंह ठकुरीलाई गैरकानूनी रुपमा बढी भूक्तानी लिई खाई मासेको रु.४,५६,४३१।३५ भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(४) बमोजिम उल्लेखित विगो असुल उपर गरी जफत गर्ने समेतको मागदावी रहेको। | फैसलाः<br>प्रतिवादीहरुलाई आरोप कसुरबाट सफाई दिइएको।<br>विशेष अदालतले कसुरबाट सफाई दिदा लिएका आधारहरुः<br>•निर्धारित शर्त तथा मापदण्ड अनुसारनै काम भएको छ भन्ने गाउँपालिकाको निर्णय तथा स्थलगत प्रतिवेदन व्यहोरा एवं वादीको साक्षीको बकपत्र समेतबाट देखिन आएको।<br>•प्रतिवादीहरुले सम्झौता बमोजिम उपभोक्ता समितले गरेको कामको नापी किताब र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिन आएबाट झुठ्ठा व्यहोराको नापी किताब र कार्यसम्पन्न प्रतिवेदन बनाएको भन्ने आरोपदावी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेको।<br>•कन्सल्टेन्सीले तयार गरेको भूगोलको क्षेत्रबारेको इस्टिमेट वास्तविक रुपमा काम गर्दा सो बमोजिमको भौगोलिक बनावट नभएको कारण Soft soil/Hard soil/ Soft rock र Hard rock को मात्रामा फरक परेको भनी बयान गरेबाट प्रतिवादी नविन शर्मा र शिवशंकर पोखरेलले झुठ्ठा विवरणको नापी किताब एवं कार्यसम्पन्न प्रतिवेदन तयार गरेको भन्ने आरोपदावी वस्तुपरक नदेखिएको।<br>•प्रस्तुत मुद्दामा भौगोलिक बनावटको कारण इस्टिमेटमा उल्लेखित काममा केही फरक परेको भएतापनि प्रतिवादीहरुले वदनियत राखि आफूलाई गैरकानूनी लाभ लिएको तथ्य पुष्टि हुन नसकेको। | •जिल्ला सुर्खेत, सिम्ता गाउँपालिका वडा नं. १२ देउली-सिर्पा-काफलकोट जोड्ने सडकमा विनियोजन भएको रकम रु.४० लाख र भूक्तानी भएको रकम रु. २५ लाख बराबरको काम भएको भन्ने समेत व्यहोराको मिति २०७५।०४।१३ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतमा उजुरी निवेदन दर्ता भई प्रस्तुत मुद्दामा अनुसन्धान प्रारम्भ भएको देखिएको। नयाँ ट्र्याक ओपनिङ गरेको उक्त बाटोको लम्बाई ९१० मिटर रहेकोमा बाटो निर्माणको नापी किताबमा जम्मा ११६० मिटर ट्र्याक ओपनिङ गरेको भन्ने उल्लेख गरेको। उक्त सडकमा करिव २५० मिटर लम्वाई बढीको विल भूक्तानी भएको भन्ने ईन्जिनियर रोसन कुमार दासको उक्त सडक निर्माणको स्थलगत प्राविधिक प्रतिवेदनबाट खुलिआएको र निर्माणमा काम नभएको आइटमको, काम भएको भन्दा बढी भूक्तानी भएको भन्ने मिति २०७५।०४।३० मा आयोगको कार्यालय सुर्खेतको प्राविधिकहरुको प्रतिवेदनबाट खुलि आएको। उक्त स्थलगत प्राविधिक प्रतिवेदन मुचुल्कामा रोहवरमा रहेका छत्र बहादुर खत्री, हर्क बहादुर खत्री समेतले अदालत समक्ष बकपत्र गर्दा मिति २०७५।०८।२० को स्थलगत मुचुल्का देखिपाएँ। उक्त मुचुल्कामा रहेको व्यहोरा र सहिछाप मेरो नै हो भन्ने समेत व्यहोरा खुलाई दिएको अवस्थामा निर्धारित शर्त र मापदण्ड अनुसार नै कार्य भएको भन्ने गाउँपालिकाको निर्णय तथा स्थलगत प्रतिवेदन एवं वादीको साक्षीको बकपत्र समेतबाट देखिन आउँदा प्रमाणको यथोचित मूल्याङ्कन नगरी गलत आधार लिई भएको उक्त फैसला त्रुटिपूर्ण रहेको।<br>•प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा सिम्ता गाउँपालिकाको कार्यालयले योजना सम्झौता गर्दा उपभोक्ता समितको अध्यक्ष भुवानसिंह ठकुरीसँग प्रमुख प्रशासकीय अधिकृत बिच भएको उक्त सम्झौता पत्रको शर्तमा स्वीकृत लगत इस्टिमेट अनुसार नै उपभोक्ता समिति वा संस्थाले काम गर्नु गराउनुपर्नेछ भन्ने समेतका शर्त रहेको अवस्थामा आयोगको कार्यालय सुर्खेतबाट खटिएको प्राविधिकहरुले मिति २०७५।०४।३० र मिति २०७५।०८।२० को स्थलगत मुचुल्का तथा प्रतिवेदन समेतबाट पैरो खोली देखि घामलाग्ने टाकुरी सम्म ७१० मिटर नयाँ ट्र्याक ओपनिङ् गरी कुल नयाँ ट्र्याक खनिएको बाटोको लम्बाई ९४० मिटर रहेको, नापी किताब हेर्दा जम्मा लम्बाई ११६० मिटर नयाँ ट्र्याक ओपनिङ गरेको, नापी किताबमा रामे डाँडा देखि पैरो खोलो सम्म नयाँ ट्र्याक खनिएको भनी Earth work in Excavation को परिणाम राखिएकोमा उक्त खण्डमा नयाँ ट्र्याक खनिएको नभई Existing Track लाई केही भागमा चौडा पारिएकोमा नापी किताबमा भएको परिणामको तुलनात्मक अध्ययन गरी काम भएको भन्दा बढी भूक्तानी भएको भन्ने समेत स्थलगत निरीक्षण प्रतिवेदनबाट देखिन आएको। जुन आरोप पत्रको पाना ७ को विवरण समेतबाट स्पष्ट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | खुलाईएको अवस्थामा प्रतिवादीहरु उपर आरोप पुष्टि हुने यथेष्ट प्रमाणहरुको मूल्याङ्कन नगरी प्रतिवादीहरुलाई आरोपित कसूरबाट उन्मूक्ति दिने अभिप्रायका साथ झुठ्ठा व्यहोराको नापी किताब र कार्यसम्पन्न प्रतिवेदन बनाएको भन्ने आरोपदावी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिएन भन्ने आधार नै खण्डित भएको अवस्थामा प्रस्तुत फैसला त्रुटिपूर्ण रहेको।<br>•प्रस्तुत ट्रयाक ओपनिङ सम्बन्धमा उपभोक्ता समिति र गाउँपालिका बिच भएको योजना सम्झौतामा स्वीकृत लगत इस्टिमेट अनुसार काम गराउनुपर्ने शर्तको पालना नगरी नभएको काम भएको भनी नापी किताबमा उल्लेख गरेकै आधारमा कसूरदारले आरोपित दावीबाट सफाई पाउने आधार बन्न सक्दैन तथा बन्नु हुँदैन। स्थलगत रुपमा प्राविधिकहरुले पेश गरेको प्रतिवेदनलाई अन्यथा भन्न सक्ने अवस्था छैन। प्रस्तुत मुद्दाको आरोप पत्रको १ को खण्ड (घ) प्रकरणको पाना ७ मा पेश भएको स्पष्ट विवरण अनुसार पनि नभएको काम भएको भनी बढी भुक्तानी लिएको भन्ने स्थलगत प्राविधिक प्रतिवेदनलाई प्रमाण ऐन, २०३१को दफा २० अनुसार प्रमाणमा लिनुपर्नेमा सो नगरी झुठ्ठा विवरणको नापी किताब एवं कार्यसम्पन्न प्रतिवेदन तयार गरेको भन्ने आरोपदावी वस्तुपरक देखिन आएन भन्ने समेतका आधारमा भएको उक्त फैसला समेत त्रुटिपूर्ण देखिएको।<br>•प्रस्तुत फैसलामा पनि योजना सम्झौताको शर्त विपरित काम भएको भन्ने तथ्यलाई स्वीकार गरी भौगोलिक वनावटको कारण स्टिमेटमा उल्लेखित कार्यमा केही फरक परेको भए तापनि भन्ने व्यहोरा उल्लेख गर्दै प्रतिवादीहरुले वदनियत राखेको भनी अदालतको उक्त फैसलामा बोलिएको पाइन्छ। नभएको काम गरेको भनी नेपाल सरकारको रकम लिने खाने उदेश्यबाट स्थलगत रुपमा भएको कामको परिणाम भन्दा बढी काम नापी किताबमा उल्लेख गरी भएको काम भन्दा रु.४,५६,४३१।३५ बढी भूक्तानी लिई दिई आरोपदावी बमोजिम कसूर भएको देखिदा देखिदै प्रतिवादीहरुलाई आरोपित कसुरबाट सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण देखिएको। |
| २ | प्रतिवादी राजेन्द्र बहादुर भण्डारी मु.नं (०७९-CR-००३१), फैसला मिति २०७९।११।०५ | सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरी भ्रष्टाचार गरेको। | प्रतिवादी राजेन्द्र बहादुर भण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिम कसुरमा जम्मा विगो रु. २०,७८,६००/- कायम गरी ऐ. ऐनको दफा ३(१) तथा दफा ३(१) को देहाय (च) वमोजिम सजाय गरी पाउ भन्ने मागदावी रहेको। | फैसलाः<br>प्रतिवादीहरुलाई आरोप कसुरबाट सफाई दिइएको।<br>विशेष अदालतले कसुरबाट सफाई दिदा लिएका आधारहरुः<br>•हानि नोक्सानी भएको रकम प्रतिवादीले आरोपपत्र दायर हुनुपूर्व नै जम्मा गरिसकेको देखिंदा प्रतिवादीले नेपाल सरकारको सरकारी रकम वदनियतपूर्वक खाई मासि वा हानि नोक्सानी गरेको भन्ने देखिन नआएको।<br>•प्रतिवादीले वदनियतपूर्वक खाने मास्ने उदेश्यले नै उक्त रकम आफ्नो खातामा जम्मा गरेको भन्ने | •प्रस्तुत मुद्धाको उठान अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालमा मिति २०७७/३/७ मा सामाजिक सुरक्षाको रकम हिनामिना गरी भ्रष्टाचार गरेकोले कारवाहीका लागि चन्दनाथ नगरपालिकाका पञ्जिकरण शाखा प्रमुख राजेन्द्र भण्डारी उपर उजुरी परि अनुसन्धान प्रारम्भ भएको। उक्त चन्दननाथ न.पा.को कार्यालयको छानविनको क्रममा प्रतिवादी राजेन्द्र बहादुर भण्डारीले सामाजिक सुरक्षा वापतको रकम आफ्नो र आफ्नो नावालक छोरा सहदेव भण्डारीको खातामा विभिन्न मितिमा जम्मा गरेको तथा अनुसन्धानको क्रममा आयोग समक्ष वयान गर्दा पनि उक्त सामाजिक सुरक्षा भत्ता वापतको रकम आफ्नो र आफ्नो छोराको खातामा विभिन्न मितिमा विभिन्न बैंकमा जम्मा गरेको स्वीकार गरी वयान गरेको र सम्बन्धित बैंकको पत्र साथ संलग्न बैंक भौचरबाट समेत खुली आएको। उक्त नगरपालिका कार्यालयको च.नं. ६७७ मिति २०७८/११/२० गतेको पत्रबाट चन्दननाथ नगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | वादीले प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिएको। | जुम्लाको सामाजिक सुरक्षा भत्ता सिद्धार्थ बैंक, मेगा बैंक, बैंक अफ काठमाण्डौ, इन्भेष्टमेन्ट बैंक लगायत विभिन्न बैंकमा आ.व. ०७५/७६ देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने योग्य लाभग्राहीको खातामा बैंक मार्फत जम्मा गरिने गरेको भन्ने समेत खुली आएको। यसैगरी च.नं. ११३० मिति २०७९/२/२७ को चन्दननाथ न.पा.को कार्यालयको पत्रबाट निज प्रतिवादी राजेन्द्र बहादुर भण्डारीलाई रकम को कसको हो ? नाम सहित पेश गर्न भनिएकोमा सो लाभग्राहीको विवरण पेश गर्न नसकेको भन्ने व्यहोरा समेत खुली आएको देखिन्छ। यसरी प्रतिवादी राजेन्द्र बहादुर भण्डारीले सामाजिक सुरक्षा भत्ता वापतको रकम आफ्नो र आफ्नो नावालक छोरा सहदेव भण्डारीको विभिन्न बैंकको खातामा विभिन्न मितिमा पटक-पटक जम्मा गरेको तथ्यबाट यी प्रतिवादीले असल मनसायका साथ उक्त सरकारी रकम रु. २०,७८,६००/- व्यक्तिगत खातामा जम्मा गर्नु पर्ने अन्य कारण नदेखिएको। यसबाट उक्त रकम हानी नोक्सानी गरी आफूले लाभलिने उद्देश्यबाट प्रेरित भई खातामा राखेको तथ्यबाट वदनियत थिएन भन्नु हास्यास्पद तर्क मात्र रहेको। यसरी प्रतिवादीले आरोपदावी वमोजिम कसुर गरेको यथेष्ठ प्रमाणहरुले पुष्टी गरिरहेको अवस्थालाई अन्यथा अर्थ गरी कसुरबाट सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण देखिएको।<br>• प्रस्तुत मुद्धाको अनुसन्धानको क्रममा उक्त चन्दननाथ न.पा. कार्यालयको च.नं. ६७७ मिति २०७८/११/२० गतेको पत्रबाट आ.व. ०७५/७६ देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने योग्य लाभग्राहीको बैंक खातामा बैंक मार्फत जम्मा गर्ने गरेको तथा उक्त कार्यालयको च.नं. ११३० मिति २०७९/२/२७ को पत्रबाट समेत लाभग्राहीको विवरण प्रतिवादीले पेश गर्न नसकेको अवस्थाबाट यी प्रतिवादीले उक्त जम्मा रकम रु. २०,७८,६००/- सामाजिक सुरक्षा भत्ता वितरणका लागि आफ्नो र आफ्नो छोराको नाममा राखेको भनी गरेको बयान केवल कसुरबाट बच्ने अभिप्रायले व्यक्त गरेको अप्रमाणित कथन मात्र रहेको। यसै गरी सामाजिक सुरक्षा वापतको भत्ता वितरण गर्दा रकम हिनामिना गरेको आयोगमा भनी मिति २०७७/३/७ मा उजुरी दर्ता भइसके पश्चात मात्र निजले उक्त रकम विभिन्न मितिमा जम्मा गरेबाट निज प्रतिवादी उपरको आरोपित कसुर थप पुष्टी भएको अवस्था समेत देखिएको। प्रतिवादीको उक्त कसुरमा बदनियत थिएन भनेर भन्न सकिने अवस्था घटनाको विवरण नदेखिएको। आ.व. ०७४/०७५, ०७५/०७६, ०७६/०७७ सम्मको सामाजिक सुरक्षा वापतको भत्ताको रकम उजुरी र छानविनको क्रममा प्रतिवादीले मिति २०७७/३/३० पश्चात मिति २०७९/२/३१ सम्म पटक पटक गरी विभिन्न मितिमा नगरपालिकाको कार्यालयको खातामा जम्मा गरेको कारणबाट पहिले गरेको कसुरबाट उन्मुक्ति पाउने अवस्था नरहेको। तसर्थ आरोपदावी वमोजिम कसुर कायम गरी सजाय गर्नु पर्नेमा कसुरबाट सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण रहेको।<br>•विद्यमान भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को देहाय (ङ) मा कुनै राष्ट्र सेवक वा व्यक्ति उपर ऐन अन्तरगत मुद्दा दायर भएकोमा त्यस्तो राष्ट्र सेवक वा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | व्यक्ति उपर नेपाल सरकार वा सार्वजनिक संस्थालाई पुग्न गएको हानी नोक्सानी भराउन सकिने कुनै कानूनी व्यवस्था रहेछ भने सोही कारणले मात्र यस ऐन अन्तरगत मुद्धा चलाउन वाधा पुग्ने वा सोही कारणले मुद्धा खारेज हुने छैन भन्ने कानूनी व्यवस्था समेत रहेकोमा उक्त कानूनी व्यवस्था समेतलाई अनादेखा गरी सरकारी रकम हिनामिना गरी आफ्नो व्यक्तिगत खातामा जम्मा गरी हिनामिना गरेको अवस्थामा पछि अनुसन्धानको क्रममा रकम जम्मा गरेको कारणबाट कसुरदारले उन्मुक्ति पाउन नसक्ने यथार्थतालाई अदालतले फैसलामा वेवास्था गरीः भएको उक्त त्रुटीपूर्ण फैसला बदरभागी देखिएको। |
| ३ | प्रतिवादी रेशम बहादुर थापा क्षेत्री, मोद नाथ पौडेल, बद्रि नाथ रेग्मी, बाल कृष्ण अर्याल मु.नं (०७६-CR-०४३६) फैसला मिति २०७९।११।१७ | सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरु रेशम बहादुर थापा क्षेत्री, मोदनाथ पौडेल, बद्रिनाथ रेग्मी, बालकृष्ण अर्याललाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ९, १३ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र १७ को कसुरमा ऐ.ऐ.को दफा ३(१) र दफा ३(१) को देहाय खण्ड (ख) वमोजिम सजाय हुन र प्रतिवादी मतीबुल हसन खाँलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा हाल प्रचलित भ्रष्टाचार नावरण ऐन, २०५९ को दफा ८(४) वमोजिम सजाय हुन समेतको मागदाबी लिइएको। | फैसलाः<br>प्रतिवादीहरुलाई आंशिक कसुर ठहर तथा सफाई।<br>विशेष अदालतले आंशिक कसुर ठहर तथा सफाई दिदा लिएका आधारहरुः<br>•प्रतिवादीहरु रेशम बहादुर थापा क्षेत्री, मोदनाथ पौडेल, बद्रिनाथ रेग्मी, बालकृष्ण अर्यालले मतीबुल हसन खाँको जग्गाको दर्ता श्रेस्तामा उल्लेख नै नभएको, फिल्डबुकमा सरकारी बाटो कायम भएको जिल्ला कपिलबस्तु साविक छो गा.वि.स. भगवानपुर वडा नं. ५(क) को कि.नं. ९४ को ०-१८-३-० जग्गा मिति २०४७/९/२९ मा र.नं. २५८१ बाट श्रीमती महरुन निसा खाँको नाममा हालैको बकसपत्र पारित गर्ने कार्यमा गलत लिखत जानी जानी तैयार गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ समेतको कसुर गरेको देखिन आएको हुँदा उल्लेखित प्रतिवादिहरुलाई उक्त कसुरमा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ वमोजिम कसुरको मात्रा अनुसार ३ महिना कैद र रु दश हजार जरिवाना हुने।<br>•प्रतिवादी मतीबुल हसन खाँले आफ्नो नाउँमा दर्ता श्रेस्ता कायम रहेको जग्गा श्रीमती महरुन निसा खाँलाई हालैको बकसपत्र पारित गर्ने कार्यमा मतियारको हैसियतमा कसुर गरेको देखिदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(क) तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, | •यसमा जिल्ला कपिलबस्तु साविक गा.पा.छो. भगवानपुर वडा नं. ५क को कि.नं. ९४ क्षेत्रफल ०-१८-३ को बाटो कायम रहेको उक्त जग्गा साविक विरपुर ९ हाल शिवराज न.पा. ५ बस्ने मतिबुल हसन खाँले हालैको बकसपत्र मार्फत आफ्नो पत्नी महरुन निसा खाँको नाममा नामसारी गरी बिक्री वितरण हुदै कपुरचन्द मित्तलको नाममा कायम भएको भन्ने उजुरी निवेदन परि अनुसन्धान प्रारम्भ भई मालपोत कार्यालय कपिलवस्तुको च.नं. १४०३ मिति २०७५/७/२९ को पत्रबाट हाल उक्त जग्गा कपुरचन्द मित्तलकै नाममा मोठ श्रेस्ता देखिएको तर नापी हुँदा सो कित्ता बाटो नै रहेको, ट्रेस नक्सा र फिल्डबुकबाट एकिन हुन आएको भन्ने समेत खुली आएको मालपोत कार्यालय चन्द्रौटा कपिलवस्तुको च.नं. १३०१ मिति २०७६/६/५ को निर्णयले उक्त जग्गा हाल सरकारी बाटो कायम गरीएको देखिएको समेतका आधारमा प्रतिवादीहरु रेशम बहादुर थापा क्षेत्री, मोदनाथ पौडेल, बद्रिनाथ रेग्मी, बालकृष्ण अर्याललाई आरोपित कसुर मध्ये साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ वमोजिम कसुर कायम गरी सोको व्यवस्था अनुसार सजाय गरी फैसला भएको। प्रस्तुत सार्वजनिक बाटोलाई निजी व्यक्तिको नाममा दर्ता गरी क्रमश हक हस्तान्तरण हुदै आएको उक्त कसुरलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ मा राष्ट्रिय वा सार्वजनिक वा आफ्नो जिम्मामा रहेको सम्पत्ति हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गर्ने वा मास्ने वा निजी प्रयोगमा ल्याएमा १ वर्ष देखि ५ वर्ष सम्म कैद वा जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको उक्त कानूनी व्यवस्थालाई हालको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गर्नेलाई ऐ. ऐनको दफा ३ बमोजिम सजाय गर्नुपर्ने कानूनी व्यवस्था रहेको। यसरी अदालतले सरकारी बाटोको जग्गा भएको स्वीकार गरीएको अवस्थामा मागदावी अनुसार उक्त कसुरमा मिति २०४७/९/२९ मा लिखत पास हुँदाको विगो रु. २८,३००/- को व्यवस्था अनुसार उक्त दफा ३(१) को देहाय खण्ड (ख) अनुसार ३ महिना देखि चार महिना कैद हुने व्यवस्था अनुसार कसुर कायम गरी सजाय गर्नुपर्नेमा प्रतिवादीहरु उपरको अन्य आरोपदावी पुग्न नसक्ने भएको उक्त सफाई दिएको हद सम्म प्रस्तुत फैसला त्रुटी रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश वमोजिम कसुर गर्ने व्यक्ति सरह ३ महिना कैद र रु. १०,०००/- जरिवाना हुने र प्रतिवादीहरु उपरको अन्य आरोपदावी पुग्न नसक्ने। | |